नेपाल सरकार
सङ्घीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
(LGCDP)
कार्यक्रम समन्वय इकाई

प. सं:- ०७५/७६
च. नं- ९५९

सिंहदरवार, काठमाडौ
मिति २०७५।०६।१५

श्री स्थानीय तह, (सबै)

विषयः **सूचना प्रविधि अधिकृतको तलब भत्ता सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस कार्यक्रमको तर्फबाट गाउँपालिका तथा नगरपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत (IT Officer) लाई उपलब्ध गराउने तलब भत्ता लगायतका अन्य सुविधाहरू सम्बन्धमा यस कार्यक्रमको मिति २०७५।०६।११ (च. नं. १५६) को पत्रमा दुर्गम भत्ता सम्बन्धमा अन्यथा उल्लेख भएकोले निजहरूको (चालू आ.व. ७५/७६ को ) तलब भत्ता, स्थानीय भत्ता, चाडपर्व खर्च र पोशाक भत्ता नेपाल सरकारको रा. प. तृतीय श्रेणीका अधिकृत स्तरको कर्मचारीलाई अर्थ मन्त्रालयले तोके अनुसार हुने गरि कायम गर्न सबै स्थानीय तहलाई जानकारी गराउने भनी मिति २०७५/०६/१० मा निर्णय (सचिव स्तरीय) भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

साथै निजहरूको तलब, चाडपर्व खर्च तथा पोशाक भत्ता बापतको ७५ प्रतिशत रकम (२०७५ श्रावन देखि पौष मसान्त सम्म, ६ महिनाका लागि) यस कार्यक्रम बाट उपलब्ध गराउने र बाँकी २५ प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाबाट व्ययभार हुने गरी निर्णय भए बमोजिम (पत्र यसै साथ् संलग्न) उक्त ७५% ले हुने रकम LMBIS मा प्रविष्टिको प्रक्रियामा रहेकोले तत्कालका लागि सो बापतको रकम यस कार्यक्रमबाट प्राप्त भएपछि सोधभर्ना हुने गरी तहाँ कार्यालयको कुनै मिल्दोजुल्दो खर्च शिर्षकबाट लेख्ने व्यवस्था मिलाउन हुन समेत अनुरोध छ ।

२०७५।०६।१५
भेषराज खनाल
प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री प्रादेशिक सहयोग इकाई, LGCDP- (सबै)

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
(LGCDP-II/ TSNGP)
कार्यक्रम समन्वय ईकाई

पत्र संख्या: ७४/७५
चलानी नं: ४६६

बबरमहल, काठमाण्डौ

मिति: २०७५/०३/२४

श्री महा/ उपमहा/ नगरपालिकाको कार्यालय (सबै)
श्री गाउँपालिकाको कार्यालय (सबै)

विषय: **सूचना प्रविधि अधिकृतको करार सम्झौता निरन्तरता सम्बन्धमा**

सबै गाउँपालिका तथा नगरपालिकाहरुमा सूचना प्रविधि अधिकृत व्यवस्था गर्न यस कार्यक्रमको चालु आ.व. ०७४।७५ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार सेवा करार गरी काम काज गरिरहेका सूचना प्रविधि अधिकृतको सेवा अवधि यसै आर्थिक वर्ष (२०७४/७५) को अन्त्य सँगै पूरा हुने भएको छ | साथै स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको अवधि समेत २०७५/०३/३१ मा समाप्त हुने र प्रस्तावित नयाँ कार्यक्रमको शुरुवात गर्नु पूर्वको तयारी गर्ने प्रयोजनका लागि मात्र यस कार्यक्रमको अवधि २०७५/०९/१६ सम्मका लागि थप गरिएको छ |

यसै सन्दर्भमा तहाँ कार्यरत सूचना प्रविधि अधिकृतको अवधि आगामी २०७५ श्रावन १ देखि थप ६ महिनाका लागि करार निरन्तरताका लागि विकास साझेदारहरुसंग समन्वय भईरहेको र उक्त अवधिका लागि यस कार्यक्रम र तहाँ कार्यालयको लागत साझेदारीमा निजहरूको सेवा करारलाई निरन्तरता दिने व्यवस्था भए बमोजिम तहाँबाट कूल लागतको कम्तिमा २५% बजेट व्यवस्था गर्नु हुन निर्णयानुसार अनुरोध छ |

(भेष राज खनाल)
प्रशासकीय अधिकृत